
# महाकाली नगरपालिकाको
# न्यायिक समितिको अर्ध बार्षिक प्रतिवेदन
# २०७६

``




## २०७६ श्रावण देखि २०७६ पौष मसान्त

## महाकाली नगरपालिका
## खलंगा, दार्चुला
## सुदूरपश्चिम प्रदेश

# बिषय सूचि


**सार संक्षेप** ..... १

**परिच्छेद-१ प्रारम्भ तथा परिचय** ..... ३

**१.१ पृष्ठभूमि** ..... ३

**१.२ महाकाली नगरपालिकाको परिचय** ..... ४

**परिच्छेद-२ ऐतिहासिक पृष्ठभूमि र न्यायिक अधिकार** ..... ६

**२.१ प्रतिवेदनको उद्देश्य** ..... ६

**२.३ नेपालमा स्थानीय शासनको ऐतिहासिक पृष्ठभूमि र न्यायिक अधिकार** ..... ६

२.३.१ स्थानीय शासनको विकासक्रम र न्यायिक अधिकार ..... ७

२.३.२ संवैधानिक विकास क्रम र न्यायिक अधिकार ..... ८

२.३.३ कानूनी विकास क्रम र न्यायिक अधिकार ..... ९

**२.४ स्थानीय तहको वर्तमान स्वरूप र न्यायिक अधिकार** ..... १०

**२.५ न्यायिक समितिको अधिकार क्षेत्र** ..... ११

**२.६ क्षेत्राधिकार तथा क्षेत्राधिकार प्रयोग र न्याय तथा कार्यसम्पादन प्रक्रिया** ..... ११

२.६.१ क्षेत्राधिकार ..... ११

२.६.२ अधिकार क्षेत्रको प्रयोग ..... १३

२.६.३ न्याय सम्पादन प्रक्रिया ..... १५

**परिच्छेद — ३ अर्धबार्षिक प्रगति विवरण** ..... १६

**३.१ महाकाली नगरपालिकाको न्यायिक समिति** ..... १६

**३.२ सम्पादित क्रियाकलापहरू** ..... १६

३.३ नगरपालिकाका कानूनहरुको विवरण ..... १९

३.४ मुख्य उपलब्धी ..... २२

३.५ स्थानीय तहमा न्यायिक समिति : अवसर ..... २२

३.६ स्थानीय तहमा न्यायिक समिति : चुनौती ..... २३

३.७ सूझाव ..... २३

३.८ न्यायिक समिति र अपेक्षा ..... २४


अर्ध वार्षिक प्रतिवेदन २०७८/७९

# सार संक्षेप

नेपालको संविधानको धारा २१७ ले गाउँपालिका तथा नगरपालिका स्तरमा विवाद निरुपण गर्न न्यायिक समिति रहने व्यवस्था गरेको छ। स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ८ दफा ४६ देखि ५३ सम्म स्थानीय तहहरुमा न्यायिक समितिको क्षेत्राधिकार तोकिएको र न्याय सम्पादन प्रक्रिया सम्बन्धी व्यवस्था स्थानीय न्यायिक प्रयोजनको लागि संवैधानिक इतिहासमा पहिलो पटक भएको हो । संविधानको उल्लिखित व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने दायित्व स्थानीय तहमा रहेको छ। देशभरिका ७५३ वटा न्यायिक समितिबाट न्याय सम्पादन गर्ने यस प्रणालीबाट न्यायमा जनताको पहुँच सरल र सहज बनाउन मद्दत पुग्ने विश्वास लिइएको छसाथै विवाद समाधानका वैकल्पिक उपायहरु अवलम्वन गर्दा न्यायिक प्रक्रियामा जीत–जीतको अवस्था सुनिश्चित हुने र न्यायप्रतिको सन्तुष्टी तथा विश्वास बढ्नुका साथै विवाद निरुपणलाई कम खर्चिलो, कम झंझटिलो तथा मेलमिलापमूलक प्रक्रियाबाट समाधान गर्न गराउन योगदान पुग्ने अपेक्षा गरिएको छ।

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ८ दफा ४६ देखि ५३ सम्म स्थानीय तहहरुमा न्यायिक समितिको क्षेत्राधिकार तोकिएको र न्याय सम्पादन प्रक्रियालाई थप व्यवस्थित गर्न महाकाली नगरपालिकाले न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन २०७५ समेत जारी गरी कार्यान्वयनमा ल्याईएएकोछ। निर्दिष्ट कानूनको अधिनमा रही न्याय सम्पादन कार्यलाई पारदर्शि वनाउन, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५३ (१) बमोजिम महाकाली नगरपालिकाको न्यायिक समिति, समितिको सचिवालय तथा कानून ईकाईबाट सम्पादन गरिएको कार्यहरुको अभिलेखिकृत गर्ने, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५३ (२) बमोजिम महाकाली नगरपालिकाको न्यायिक समिति, समितिको सचिवालय तथा कानून ईकाईबाट सम्पादन गरिएको कार्यहरुको बार्षिक विवरण नगर प्रमुख मार्फत नगर सभामा पेश गर्ने, न्यायिक समितिबाट सम्पादन भएकान कार्यहरुको अभिलेखिकृत प्रतिवेदन नगर कार्यपालिकामा पेश गर्ने उद्देश्यले यो प्रतिवेदन तयार गरिएकोछ।

न्यायिक समिति अन्तरगत कार्य सम्पादन गर्दा दैनिक प्रशासनिक तथा नियमित कार्यहरु सफलता पूर्व सम्पादन गरिनु, दैनिक प्रशासनिक तथा नियमित कार्यहरु सफलता पूर्व सम्पादन गरिनु, न्यायिक समितिका ३ वटा बैठक संचालन भई न्यायिक समिति समक्ष पेश भएका विभिन्न ११ वटा उजुरी सम्बन्धी छलफल गरी आवश्यक कार्वाही गरिएकोछ। उक्त उजुरी मध्ये ४ बटा फछ्यौट भई ७ वटा उजुरीफछ्र्योटको प्रक्रियामा रहेका छन् ।अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कन्चनपुरबाट नगरपालिकाको वडा ९ मा दत्तु थाप्ला मालिकार्जुन सडकमा अनियमितता भएको सम्बन्धमा छानविन गरी प्रतिवेदन पेश गर्ने भन्ने उजुरी संग सम्बन्धित प्रमाण जुटाई फछ्यौट गराउने प्रक्रियामा रहेकोछ आ.ब. २०७५/७६ अवधिमा दर्ता भई फछ्र्योटको लागि सारिआएका ३ वटा उजुरी र आ.ब. २०७६/७७ मा न्यायिक समिति समक्ष पेश भएका उजुरी कुल संख्या ८ गरी जम्मा उजुरी संख्या ११ वटा उजीरीका सम्बन्धमा नियमानुसार कार्वाही गर्ने प्रक्रिया व्यवस्थित गरिएको छ, नगरपालिकाको कार्यसम्पादन नियमावली २०७४ को दफा ४ उपदफा ६ बमोजिम गठन भएको विधेयक समतिबाट सम्पादन गरिएका कार्यहरु अन्तरगत विभिन्न २ वटा विधेयक तथा कार्यविधिहरुको मस्यौदा तयार गरी विधेयक समिति मार्फत प्रक्रिया अनुसार कानूनको रुपमा प्रमाणिकरण गराई कार्यान्वयनमा गरिएकोछ।

सरकार सञ्चालनमा महत्वपूर्ण अङ्गहरूमध्ये न्यायपालिका एक महत्वपूर्ण अङ्ग रहेको छ, व्यवस्थापिकाले तयार गरेको कानून कार्यपालिकाले कार्यान्वयन गर्छ । यस क्रममा कानुनमा देखिएका अस्पष्टतालाई व्याख्या गर्ने र विवाद निरूपण गर्ने काम न्यायपालिकाले गर्छ । लोकतान्त्रिक गणतन्त्रको स्थापना पछि स्थानीय तह देखि नै सुदृढ एवम् सबल बनाउनको लागि स्थानीय नेतृत्व, स्थानीय कानून र स्थानीय सरकारको व्यवस्थापनका लागि स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहमा न्यायिक समितिको व्यवस्था गरेको छ । उल्लेखित विवादका विषय बाहेकका विषयहरू पनि न्यायिक समितिले मेलमिलापका माध्यमबाट टुङ्गो लगाउनु पर्छ । न्यायिक समितिमा निवेदन वा फिराद पेश भए पछि विपक्षीका नाउँमा म्याद पठाउने, प्रतिउत्तर बुझ्ने, प्रमाणको परीक्षण, साक्षी परीक्षण गर्ने, मेलमिलापका लागि दुवै पक्षलाई उत्प्रेरित गर्नेलगायत सबै प्रक्रिया टुङ्ग्याएर मात्र समितिले निर्णय गर्नु पर्ने व्यवस्था अवसरको रुपमा रहेकोछ ।

स्थानीय स्तरमा अदालती अभ्यासको सुरुवात निकै नै सकारात्मक र प्रभावकारी कदम भए पनि न्याय सम्पादन गर्दा देहाय चुनौतिहरू हेकाछन्।

- न्याय सम्पादनका क्रममा कानुनी ज्ञानको अभाव हुनु तथा प्राविधिक ज्ञानको कमी रहनु,
- यथेष्ट प्रमाणको मूल्याङ्कन नगरी फैसला हुनसक्ने,
- चुनावबाट आएका जनप्रतिनिधि इजलासमा हुने भएकाले राजनीतिक पूर्वाग्रहीपन हुनसक्ने
- कुनै पनि मुद्दामा सीधै जिल्ला अदालतमा जान सकिने भएकाले राजनीतिक रूपले फरक विचारका व्यक्तिहरू सीधै जिल्ला अदालतमा मात्र जान सक्ने

न्यायिक समितिकबाट न्याय सम्पादन प्रक्रियालाई प्रभावकारी बनाउन संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारबाट न्यायिक समितिका पदाधिकारीहरुकको क्षमता अभिबृद्धिको लागि समय समयमा कानून सम्बन्धी तालीमहरु संचालन गरिनु पर्ने, न्यायिक समितिको सचिवालय तथा कानूनी मामिला उपशाखामा कार्यरत कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्न न्याय तथा कानुन सम्बन्धी सेवाकालीन तालीम संचालन गराई क्षमता अभिबृद्धि गर्नु पर्ने, ईजलास संचालन तथा व्यवस्थापन सम्बन्धी प्राविधिक क्षमता अभिबृद्धि गर्न आवश्यक व्यवस्था मिलाईनु पर्ने, न्यायिक समिति मार्फत भए गरेका काम कार्वाहीहरुका नियमित अनुगमन गरी पृष्ठपोषण गर्नु पर्ने सुझाव तथा अपेक्षा समेत प्रतिवेदनमा उल्लेख गरिएकोछ।

अर्धवार्षिक प्रतिवेदन २०७८/७९

# परिच्छेद-१ प्रारम्भ तथा परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले गाउँपालिका तथा नगरपालिका स्तरमा विवाद निरुपण गर्न न्यायिक समिति रहनेव्यवस्था गरेको छ । स्थानीय न्यायिक प्रयोजनको लागि यो व्यवस्था नेपालको संवैधानिक इतिहासमापहिलो पटक भएको हो । संविधानको उल्लिखित व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने दायित्व स्थानीयतहमा रहेको छ ।


नेपालको संविधानको भाग ५ धारा ५६ (१) मा ‘‘संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ’’ भन्ने उल्लेख छ । संविधानको धारा ५६ (२) मा नेपालको ‘‘राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले यस संविधान तथा कानून बमोजिम गर्नेछन्’’भनी स्पष्ट गरिएको छ । नेपालको संविधानको धारा २१७ उपधारा (१) मा कानून बमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरुपण गर्न गाउँपालिकाले गाउँपालकाको उपाध्यक्ष र नगरपालिकाले नगरपालिकाको उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहने व्यवस्था गरेको छ। संविधानको धारा २१७ उपधारा (२) मा न्यायिक समितिमा गाउँसभा वा नगरसभाबाट आफूमध्येबाट निर्वाचित गरेका दुईजना सदस्यहरू रहने गरी न्यायिक समितिको गठनविधि स्पष्ट गरेको छ ।

नेपालको संविधानको धारा २१७ ले गाउँपालिका तथा नगरपालिका स्तरमा विवाद निरुपण गर्न न्यायिक समिति रहने व्यवस्था गरेको छ। स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ८ दफा ४६ देखि ५३ सम्म स्थानीय तहहरुमा न्यायिक समितिको क्षेत्राधिकार तोकिएको र न्याय सम्पादन प्रक्रिया सम्बन्धी व्यवस्था स्थानीय न्यायिक प्रयोजनको लागि संवैधानिक इतिहासमा पहिलो पटक भएको हो । संविधानको उल्लिखित व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने दायित्व स्थानीय तहमा रहेको छ। देशभरिका ७५३ वटा न्यायिक समितिबाट न्याय सम्पादन गर्ने यस प्रणालीबाट न्यायमा जनताको पहुँच सरल र सहज बनाउन मद्दत पुग्ने विश्वास लिइएको छसाथै विवाद समाधानका वैकल्पिक उपायहरु अवलम्वन गर्दा न्यायिक प्रक्रियामा जीत–जीतको अवस्था सुनिश्चित हुने र न्यायप्रतिको सन्तुष्टी तथा विश्वास बढ्नुका साथै विवाद निरुपणलाई कम खर्चिलो, कम झंझटिलो तथा मेलमिलापमूलक प्रक्रियाबाट समाधान गर्न गराउन योगदान पुग्ने अपेक्षा गरिएको छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ८ दफा ४६ देखि ५३ सम्म स्थानीय तहहरुमा न्यायिक समितिको क्षेत्राधिकार तोकिएको र न्याय सम्पादन प्रक्रियालाई थप व्यवस्थित गर्न महाकाली नगरपालिकाले न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन २०७५ समेत जारी गरी कार्यान्वयनमा ल्याईएएकोछ। निर्दिष्ट कानूनको अधिनमा रही न्याय सम्पादन कार्यलाई पारदर्शि वनाउन, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५३ (१) बमोजिम महाकाली नगरपालिकाको न्यायिक समिति, समितिको सचिवालय तथा कानून ईकाईबाट सम्पादन गरिएको कार्यहरुको अभिलेखिकृत गर्ने,स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५३ (२) बमोजिम महाकाली नगरपालिकाको न्यायिक समिति, समितिको सचिवालय तथा कानून ईकाईबाट सम्पादन गरिएको कार्यहरुको बार्षिक विवरण नगर प्रमुख मार्फत नगर सभामा पेश गर्ने, न्यायिक समितिबाट सम्पादन भएकान कार्यहरुको अभिलेखिकृत प्रतिवेदन नगर कार्यपालिका तथा सम्बन्धित निकायमा पेश गर्ने उद्देश्यले यो प्रतिवेदन तयार गरिएकोछ ।

## १.२ महाकाली नगरपालिकाको परिचय

नेपाल राज्यको पुनः संरचना संगै नेपाल राज्यको सुदूरपश्चिम प्रदेश अन्तर्गत दार्चुला जिल्लाको सदरमुकाम खलंगा वरपरका क्षेत्रहरु खलंगा, छापरी, काँटै धाप र दत्तु (साबिक अपी नगरपालिकाका वडा नं. ४ देखि १७ र साबिक दत्तु गा.वि.सलाई समेटेर मिति २०७३ फागुन २७ मा ९ वटा वडा विभाजन गरी स्थापना भएको महाकाली नगरपालिका हिन्दुहरुको मुख्य एवम् पवित्र धार्मीक तिर्थ स्थल कैलाश मानसरोवरको प्रवेश द्धारको रुपमा भारत उत्तराखण्ड राज्यको पिथोरागढ जिल्ला संग सिमाना जोडिइ महाकाली नदीको किनारमा अवस्थित नगरपालिका विश्वमानचित्रमा २९ डिग्री ४५ मिनेट देखी २९ डिग्री ४५ मिनेट उत्तरी




अक्षाश र ८० डिग्री २४ मिनेट देखी ८० डिग्री ३९ मिनेटपुर्वी देशान्तर सम्म फैलिएको यस नगरपालिकाको पूर्वमा नौगाड गाउँपालिका, पश्चिममा भारत, उत्तरमा दुहूँ गाउँपालिका र दक्षिणमा शैल्य शिखर नगरपालिका र मालिकार्जुन गाउँपालिका संग सिमाना जोडिएको छ । महाकाली नगरपालिकाले कुलक्षेत्रफल १३५.११ वर्ग

कि.मी र २१२३१ रहेको महाकाली नगरपालिका उच्च हिउँ पर्ने हिमाली क्षेत्र देखि नदी किनारामा रहेका फाँटहरुलाई समेटेर बनेको छ ।

धार्मिक एवं साँस्कृतिक शक्तिपिठहरु मौलिक साँस्कृति, प्राकृतिक सम्पदाले भरिपूर्ण रहेकोले महाकाली नगरपालिका पर्यटनको प्रचुर सम्भावना बोकेको छ । प्रकृतिको अनुपम नमुनाको रुपमा जैविक विधितता तथा प्राकृतिक सम्पदाले भरिपूर्ण र विविध जातजाती, भाषाभाषी धर्मावलम्बिहरुको साझा बसोबास रहेको र दार्चुला जिल्लाको सदरमुकामको रुपमा अवस्थित छ।

मिति २०७३ फागुन २७ मा ९ वटा वडामा विभाजित नगरपालिकाको वडा अनुसारको संरचना देहाय बमोजिम रहेकोछ । संलग्न विवरणमा घरधुरी र जनसंख्या २०६८ को जनगणनाको अधारमा उल्लेख गरिएकोछ ।

| वडा नं | समावेश भएका साविक गाविस/नपा | साविक वडा नं. | घरधुरी | जनसंख्या | क्षेत्रफल (वर्ग कि.मि.) | सदरमुकाम | वडा केन्द्र | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | अपी | ४ ५ र ६ | ५२९ | २८२२ | १३५.११ | साविकको अपी नगरपालिकाको कार्यालय | छापरी | |
| २ | अपी | ७ र ८ | ३८१ | २०४८ | | | सेला | |
| ३ | अपी | ९ र १० | ४०४ | २१८० | | | बांज | |
| ४ | अपी | ११ | ११७२ | ४२८२ | | | बाङ्गाबगर | |
| ५ | अपी | १२ र १३ | ६८६ | २८०७ | | | गल्फै | |
| ६ | अपी | १४ | २५८ | १५३९ | | | निसील | |
| ७ | अपी | १५ | २५४ | १३५४ | | | धाप | |
| ८ | अपी | १६ र १७ | ३८४ | २०१३ | | | असीगाडा | |
| ९ | दत्तु | १ देखि ९ | ४५८ | २१८६ | | | दत्तु | |
| जम्मा | | | ४५२६ | २१२३१ | | | | |

घरधुरी र जनसंख्या २०६८ को जनगणनाको अधारमा उल्लेख गरिएकोछ ।

अर्ध वार्षिक प्रतिवेदन २०७८/७९

# परिच्छेद-२ ऐतिहासिक पृष्ठभूमि र न्यायिक अधिकार

## २.१ प्रतिवेदनको उद्देश्य

न्यायिक समितिको प्रतिवेदन तयार गर्न देहाय बमोजिम उद्देश्यहरु रहेकाछन् ।

- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५३ (१) बमोजिम महाकाली नगरपालिकाको न्यायिक समिति, समितिको सचिवालय तथा कानून ईकाईबाट सम्पादन गरिएको कार्यहरुको अभिलेखिकृत गर्ने,
- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५३ (२) बमोजिम महाकाली नगरपालिकाको न्यायिक समिति, समितिको सचिवालय तथा कानून ईकाईबाट सम्पादन गरिएको कार्यहरुको बार्षिक विवरण नगर प्रमुख मार्फत नगर सभामा पेश गर्ने
- न्यायिक समितिबाट सम्पादन भएकान कार्यहरुको अभिलेखिकृत प्रतिवेदन नगर कार्यपालिकामा पेश गर्ने

## २.२ प्रतिवेदन तयारी विधि

- न्यायिक समितिबाट सम्पादन गरिएका कार्यहरुको प्रतिवेदन तयार गर्न नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, महाकाली नगरपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन २०७५, न्यायिक समितिको बैठक पुस्तिकाहरुको बिषेश अध्ययन तथा बिश्लेषण गरी तयार गरिएकोछ ।
- उक्त प्रतिवेदन तयार गर्दा महाकाली नगरपालिकाको कार्य सम्पादन प्रक्रिया तथा महाकाली नगरपालिकाको कार्य सम्पादन चुस्त दुरुस्त बनाउन स्वीकृत भई कार्यान्वयनमा रहेका कानूनहरुको अध्ययन बिश्लेषण तयार गरिएकोछ साथै प्रतिवेदन तयारीको कममा देहाय बमोजिम अन्य दस्तावेजहरुको समेत अध्ययन बिश्लेषण गरिएकोछ
    - मेलमिलालप ऐन, २०६८ र मेलमिलाप नियमावली, २०७०,
    - प्रमाण ऐन, २०३१
    - मुलुकी देवानी (संहिता) ऐन, २०७४,
    - मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४,
    - मुलुकी अपराध (संहिता) ऐन, २०७४,
    - मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४,
    - फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४,
    - न्यायिक समिति कार्य सम्पादन श्रोत पुस्तक २०७४,
    - अन्य ऐन कानूनहरू

## २.३ नेपालमा स्थानीय शासनको ऐतिहासिक पृष्ठभूमि र न्यायिक अधिकार

नेपालमा स्थानीय शासनको ऐतिहासिक पृष्ठभूमि र न्यायिक अधिकार सम्बन्धी देहाय बमोजिमको व्यवस्था रहेको पाईन्छ ।

### २.३.१ स्थानीय शासनको विकासक्रम र न्यायिक अधिकार

क) **गोपाल बंश:** नेपालमा आजभन्दा करीव ३००० वर्ष पहिले गोपाल वंशले करीव ५२५ वर्षशासन गरे भन्ने ऐतिहासिक कथन रहेको छ । यसवेला स्थानीय तहमा जेठाबाठाले गाउँटोलमा स्थिति बसाल्ने, पारिवारिक विवाद मिलाउने र गाउँटोलमा नेतृत्वदायि भूमिका निर्वाहगर्दथे भन्ने ईतिहासकारको भनाई पाइन्छ ।

ख) **महिषपाल बंश:** गोपाल वंश पछि महिषपाल वंशले करीव १०० वर्ष शासन गरे भन्नेईतिहासविद्को कथन छ । त्यसवेलाको शासन व्यवस्थाबारे स्पष्टता नपाइएकोले गाउँघरमासम्पत्ति सम्बन्धी तथा पारिवारिक विवाद वा केही आपसी झगडा मिलाउन स्थानीयज्येष्ठहरूको भूमिका रहन्थ्यो भन्ने ऐतिहासिक श्रुति पाइन्छ ।

ग) **किराँत काल:** गोपाल बंश पछि किराँतकालमा केन्द्रिय शासन र स्थानीय शासनको अवधारणाविकास भएको पाइन्छ । स्थानीय तहलाई थुम र पन्चाली दुई तहमा विभाजन गरीपाञ्चालीलाई स्थानीय कर संकलन, कुलो, पानी, झैझगडा, विवाद मिलाउने जिम्मेवारीदिईएको पाईएको छ ।

घ) **लिच्छवी काल:** लिच्छवी कालमा आएर बस्तीहरूलाई विषय, ग्राम, द्रङ, पुर प्रदेश र देशनामका ईकाइहरू विभाजन गरियो । यसबेला स्थानीय न्याय सम्पादन गर्ने पांच जना स्थानीयभलाद्मीहरूको सभा हुनथ्यो जसलाई पान्चाली भनिन्थ्यो । पान्चालीको मुख्य काम आफ्नोईलाकाभित्रको झगडा छिनो फानो गर्नु र जनताको हितका लागि कुलो पानीको व्यवस्था गर्नु,पाटी पौवा बनाउनु र संरक्षण गर्नु थियो । पान्चालीले छिन्न नसकेका मुद्दा मात्र अन्तिमनिर्णयका लागि माथिल्लो तहमा जाने व्यवस्था भएको पाइन्छ ।

ङ) **मल्ल काल:** मल्लकालमा स्थानीय तहलाई ग्राम टोलमा विभाजित गरिएको पाइन्छ । ग्रामकोप्रशासन हेर्ने जिम्मा पांच जनाको समूह भएको पन्च कचहरीलाई दिईन्थ्यो, पञ्चकचहरीकोप्रमुखलाई पञ्चथकाली भनिन्थ्यो । यसले न्यायपालिका र कार्यपालिका सम्बन्धी दुवैकाम हेर्नेगर्दथ्यो । मल्लकालमा स्थानीय प्रशासनको कार्य कर संकलन, बाटो, कुलो, कुवा, धारा, पाटी, पौवा, मन्दिर निर्माण र स्थानीय झै-झगडाको मेलमिलाप गराउनु थियो ।

च) **शाहकाल:** शाहकालमा पनि मल्लकालको पन्चकचहरीले निरन्तरता पाएको देखिन्छ ।शाहकालमा स्थानीय प्रशासन चलाउन द्वारे, उमराव, चौधरी, नायक, नाईके, फौज्दार नियुक्त हुन्थे जसको मुख्य काम स्थानीय स्तरमा कर संकलन, बाटो, कुलो, कुवा, धारा, पाटी, मन्दिरगुम्वा निर्माण र स्थानीय झै झगडाको मेलमिलाप गराउनु थियो ।

छ) **राणाकाल:** राणाकालमा शासनको केन्द्रिकरणले पाचिनकालको पान्चाली लोप भयो । तरपनिदेशको प्रशासन केन्द्रबाट मात्र संचालन गर्न संभव नभएकाले स्थानीय स्तरमा प्रशासनसंचालन गर्न पहाड बन्दोवस्त गोश्वारा, मधेश बन्दोवस्त गोश्वारा, पाठशाला बन्दोवस्तअड्डा, मालअड्डा, ठाना जस्ता विकेन्द्रित ईकाईहरू गठन गरिए । स्थानीय प्रशासनमा द्वारे,उमराव, चौधरी, नाईके, मुखिया, अमाली, थरी, जेठाबुढा, प्रधान, फौज्दार जस्ता पदहरूराखिए, सारमा नेपालमा राज्य व्यवस्थाको प्रारम्भसँगै

स्थानीय शासन व्यवस्था कुनै न कुनै रुपमा संगठित र व्यवस्थित हुँदै आएको र स्थानीय मामिलाको सम्वन्धमा जिम्मेवार हुँदै आएको पाइन्छ ।

## २.३.२ संवैधानिक विकास क्रम र न्यायिक अधिकार

नेपालको मूल कानूनको रुपमा रहेको लिखित संविधानको विकासक्रम निम्नानुसार हुँदै आएको पाईन्छ ।

१. **नेपाल सरकार बैधानिक कानून, २००४** : स्थानीयस्तरमा न्याय सम्पादनको संस्थागत व्यवस्था नेपाल सरकार बैधानिक कानून, २००४ को धारा ४८ मा उल्लेख भएको पाइन्छजसमा "ईन्साफ शीघ्र र सुलभ हिसाबसँग दिइने प्रवन्ध हुनेछ । शुरुका देवानी र फौज्दारीमुद्दाहरू ऐन र नियमले तोकिने वन्देज र रेखदेखमा रही ग्राम पञ्चायतहरूले गर्नेछन्" भन्नेउल्लेख भएको पाइन्छ ।

२. नेपालको अन्तरिम शासन विधान, २००७ को धारा ६ मा ग्राम पञ्चायतको व्यवस्था गरीग्राम पञ्चायतलाई स्थानीय शासन संस्थाको रुपमा मान्यता दिई आवश्यक अधिकार दिनेव्यवस्था गरेको पााईन्छ ।

३. नेपाल अधिराज्यको संविधान, २०१५ मा स्थानीय शासन सम्बन्धी कुनै पनि संस्थागतव्यवस्था भएको पाईदैन ।

४. नेपालको संविधान, २०१९ को भाग ८, धारा ३० र ३१ मा गाउँ पञ्चायत र नगरपञ्चायतको व्यवस्था गरियो । जसमा गाउँ र नगर पञ्चायतको काम, कर्तव्य र अधिकारकानूनद्वारा व्यवस्थित हुने उल्लेख गरिएको छ। यसमा भएका समय समयका सुधार रसंशोधनबाट स्थानीय तहमा गाउँ र नगर पञ्चायतलाई स्थानीयस्तरका कुलो पैनी, बांध,सांध सीमाना, लेनदेन, कुटपिट आदि मुद्दाहरूको सुनुवाई गर्ने अधिकार दिएको पाइन्छ ।

५. **नेपाल अधिराज्यको संविधान, २०४७** : नेपालमा प्रजातन्त्रको पुनर्स्थापना पश्चात जारीभएको नेपाल अधिराज्यको संविधान, २०४७ मा विकेन्द्रिकरण र स्थानीयनिकाय सम्बन्धीअवधारणलाई आत्मसात गरिएको थियो साथै स्थानीय स्वायत्र शासन २०५५ को दफा ३० र १०१ मा न्याय निरुपण सम्बन्धी व्यवस्था गरिएको भए पनि राजपत्रमा सूचना प्रकाशित नहुदा कार्यान्वयन हुन नसकेको ।

६. नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३९ (१) मा स्थानीयस्तरदेखि नै जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने अनुकुलको वातावरण वनाई लोकतन्त्रको स्थानीयस्तर देखि नैसंस्थागत विकास, अधिकार निक्षेपण र विकेन्द्रिकरणको आधारमा स्थानीय स्वायत्त शासनकोव्यवस्था गरेको पाइन्छ ।

७. **नेपालको संविधानः** वि.सं. २०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधानको धारा २१७ ले गाउँपालिका र नगरपालिकामा देहाय बमोजिम एक न्यायिक समिति रहने व्यवस्था गरेको छ ।

- कानून बमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरुपण गर्न गाउँपालिका वानगरपालिकाले प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र प्रत्येकनगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति रहने,
- न्यायिक समितिमा गाउँसभा र नगरसभाबाट आफूमध्येबाट निर्वाचित गरेका दुईजनासदस्य रहने व्यवस्था छ ।

- संविधानको धारा २२६ मा गाउँसभा र नगरसभाले अनुसूचि ८ र अनसूचि ९ बमोजिमका सूचिमा उल्लेखित विषयमा कानून बनाउन सक्नेछ र सो कानून बनाउनेप्रक्रिया प्रदेश कानून बमोजिम हुनेछ भनी उल्लेखित छ ।
- संविधानको अनुसूचि-८ को स्थानीय तहको अधिकारको सूचीको क्रमसंख्या १२ मागाउँसभा, नगरसभा, जिल्लासभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताकोव्यवस्थापन उल्लेख भएको छ ।
- नेपालको संविधानको अनुसार नेपाल सरकारले जारी गरेको स्थानीय सरकार संचालन ऐनको दफा ४६ देखि ५३ सम्म स्थानीय तहमा न्याय निरुपण सम्बन्धी व्यवस्था गरिएको छ ।

८) गाउँपालिका/नगरपालिकालाई निश्चित स्थानीय विवादहरू निरुपण गर्ने अधिकार दिइनु भनेको न्यायप्रक्रियालाई सरल र सहज बनाउनुका साथै न्यायमा नागरिकको पहुँच बढाउनु हो । यही भावनाका साथ नेपालको संविधानले स्थानीय तहमा कानून बमोजिम आफ्नो अधिकारक्षेत्र भित्रका विवाद निरूपण गर्ने व्यवस्था गरेको छ । यसरी नेपालको राज्य संरचना र शासन व्यवस्थाको विभिन्न कालखण्डमा स्थानीयतहले आर्थिक विकास, पूर्वाधार विकास निर्माण र कुनै न कुनै रुपमा न्यायिक अधिकारको प्रयोग गर्दै आएको पाईएको छ ।

## २.३.३ कानूनी विकास क्रम र न्यायिक अधिकार

नेपालमा कानूनी क्षेत्रको विकासलाई हेर्दा प्राचीन कालमा मानिसहरूको व्यवहार, ईमान, जमान, धर्म र विश्वासमा आधारित भएको पाइन्छ । परापूर्व कालमा घरायसी व्यवहारका निमित्त लिखतको आवश्यकता मानिदैनथ्यो आवश्यक भएमा साक्षीहरूका बीचमा व्यवहार गरिन्थ्यो । हालका हाम्रा कानूनीप्रावधान र प्रक्रिया धेरैजसो वि.सं. भन्दा ३०० वर्ष पहिले लेखिएको कौटिल्य अर्थशास्त्रबाट निर्देशित भएको पाइन्छ । उदाहरणका लागि कुनै मुद्दाका प्रतिवादीलाई ३ देखि ७ दिन सम्मको म्याद दिनुपर्छ । किनभने वादी मुद्दाको विषयमा पहिले नै आफ्नो कुरा निश्चय गरेर वादी दावी गरेको हुन्छ भनेप्रतिवादीले मुद्दाको विषयमा पहिले नै निश्चय गरिसकेको हुँदैन भन्ने उल्लेख थियो (कौटिल्य अर्थशास्त्र, अध्याय १) ।

मनुस्मृतिमा **"जवर्जस्ति लेनदेनमा कागज गराएको भए मान्यता नहुने र जग्गा खिचोला वासीमा विवादमा साक्षिले भनेको चार किल्ला प्रमाण मानी लेख्नुपर्ने"** उल्लेख पाइन्छ (मनुस्मृति) ।

याज्ञवल्क्यस्मृतिले राजामा विन्ति गर्ने वादीले प्रतिवादीका विषयमा जे उजुर गर्छ त्यो लेख्नुपर्छ र अन्तमावादीको नाउं, थर, वतन र मिति लेख्नु पर्छ भनिएको छ । त्यसपछि प्रतिवादीलाई झिकाई वादीले लेखाएको उजुरीको कुरा सुनाई वादीकै अगाडी प्रविादीको उजुरी खण्डन लेख्नु भन्ने उल्लेख छ । यदि प्रतिवादीले यस विषयमा यिनै वादीसँग यसै विषयमा पहिले मुद्दा परी मैले जितेको प्राङ्न्याय छ भन्छभने सो कुरा पनि लेखाउनुपर्छ

भनिएको छ (याज्ञवल्क्यस्मृति) । याज्ञवल्क्यस्मृतिमा धनी र ऋणीहरूका बीचमा ऋण लिने दिने निश्चय भएपछि साक्षीहरूको सामुन्नेमा तमसुक पत्र लेख्दा "लेख्यं तु तस्मिनधनिक पूर्वकम्" भनिएकाले "लिखितम् धनिका नाम" बाट तमसुक लेख्न प्रक्रिया शुरु गर्ने चलन भयो ।

## २.४ स्थानीय तहको वर्तमान स्वरूप र न्यायिक अधिकार

नेपालको संविधानको भाग ५ धारा ५६ (१) मा "संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचनासंघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ" भन्ने उल्लेख छ । संविधानको धारा ५६ (२) मानेपालको "राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले यस संविधान तथा कानून बमोजिम गर्नेछन्" भनी स्पष्ट गरिएको छ। नेपालको संविधानको धारा २१७ उपधारा (१) मा कानून बमोजिम आफ्नो अधिकारक्षेत्र भित्रका विवाद निरुपण गर्न नगरपालिकाले नगरपालिकाको उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहनेव्यवस्था गरेको छ । संविधानको धारा २१७ उपधारा (२) मा न्यायिक समितिमा गाउँसभा वा नगरसभाबाट आफू मध्येबाट निर्वाचित गरेका दुईजना सदस्यहरू रहने गरी न्यायिक समितिको गठन विधि स्पष्ट गरेको छ ।

न्यायिक समितिले सम्पादन गर्नुपर्ने न्यायिक कार्य सम्बन्धी व्यवस्था स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ८ को दफा ४६ देखि दफा ५३ सम्म गरिएको छ । नगरपालिकाले ऐनको परिच्छेद ८ अनुसारको न्यायिक कार्यसम्पादन गर्दा विवादको प्रकृति हेरी विभिन्न विषयगत ऐन तथा मुख्य रुपमा देहायका कानूनलाई ध्यान दिनु पर्ने हुन्छः

- मेलमिलालप ऐन, २०६८ र मेलमिलाप नियमावली, २०७० (परिशिष्टमा उल्लेखित)
- प्रमाण ऐन, २०३१ (परिशिष्टमा उल्लेखित)
- मुलुकी देवानी (संहिता) ऐन, २०७४,
- मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४,
- मुलुकी अपराध (संहिता) ऐन, २०७४,
- मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४,
- फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४,
- महाकाली नगरपालिकाको न्यायिक समितिका (कार्यविधि सम्बन्धी) ऐन, २०७५
- न्यायिक समितिको कार्य सम्पादन श्रोत पुस्तक, २०७४ र
- अन्य प्रचलित ऐन कानूनहरू र
- महाकाली नगरपालिकाले स्वीकृत गरी कार्यान्वयनमा ल्याएका ऐन, नियमावली, कार्यविधि, निर्देशिका तथा मापदण्डहरु ।

## २.५ न्यायिक समितिको अधिकार क्षेत्र

न्यायिक समितिबाट स्थानीय तहको न्याय निरुपण सम्बन्धि कार्य सम्पादन गर्न स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको कानूनी व्यवस्था अनुसार महाकाली नगरपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन २०७५ नगर सभाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याईएकोछ र सो ऐन बमोजिम न्यायिक समितिको क्षेत्राधिकार देहाय बमोजिम निर्धारण गरिएकोछ ।

१) महाकाली नगरपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५ दफा (६) बमोजिम समितिलाई देहाय उजुरीहरुमा कार्वाही र किनारा गर्ने अधिकार रहेकोछ

(क) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ अन्तर्गतको उजुरी,

(ख) मेलमिलाप ऐन, २०६८ अनुसार मेलमिलापको लागि नगरपालिकामा प्रेषित उजुरी,

(ग) संविधानको अनुसूची-८ अन्तर्गतको एकल अधिकार अन्तर्गत सभाले बनाएको कानून बमोजिम निरूपण हुने गरी सिर्जित उजुरी, तथा

(घ) प्रचलित कानूनले नगरपालिकाले हेर्ने भनि तोकेका उजुरीहरू ।

२) महाकाली नगरपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५ दफा (६) अन्तरगतका मध्ये देहाय अधिकारक्षेत्रका उजुरीहरुमा कार्वाही र किनारा गर्न सक्नेछ ।

(क) व्यक्तिको हकमा उजुरीका सबै पक्ष नगरपालिकाको भैगोलिक क्षेत्राधिकार भित्र बसोबास गरीरहेको,

(ख) प्रचलित कानून र संविधानको भाग ११ अन्तर्गतको कुनै अदालत वा न्यायाधीकरण वा निकायको क्षेत्राधिकार भित्र नरहेको,

(ग) नगरपालिकाको क्षेत्राधिकार भित्र परेका कुनै अदालत वा निकायबाट मेलमिलाप वा मिलापत्रको लागि प्रेषित गरीएको,

(घ) अचल सम्पत्ति समावेश रहेको विषयमा सो अचल सम्पत्ति नगरपालिकाको भैगोलिक क्षेत्राधिकार भित्र रहिरहेको,

(ङ) कुनै घटनासँग सम्बन्धित विषयवस्तु रहेकोमा सो घटना नगरपालिकाको भैगोलिक क्षेत्र भित्र घटेको ।

## २.६ क्षेत्राधिकार तथा क्षेत्राधिकार प्रयोग र न्याय तथा कार्यसम्पादन प्रक्रिया

### २.६.१ क्षेत्राधिकार

१) स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ४७ (१) बमोजिमको क्षेत्राधिकार देहाय बमोजिम विवादको निरुपण गर्ने अधिकार रहेको छ ।

(क) आलीधुर, बाँध पैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग,

(ख) आर्काको बाली नोक्सानी गरेको,

(ग) चरन, घाँस, दाउरा,

(घ) ज्याल मजुरी नदिएको,

(ङ) घरपालुवा पशुपंक्षी हराएको वा पाएको,

(च) ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको,

(छ) नाबालक छोरा छोरी वा पति पत्नीलाई ईज्जत आमद अनुसार खान लाउन वा शिक्षादीक्षा नदिएको

(ज) बार्षिक पच्चीस लाख रुपैयाँ सम्मको विगो भएको घर बहाल र घर बहाल सुविधा,

(झ) अन्य व्यक्तिको घर, जग्गा वा सम्पत्तिलाई असर पर्ने गरी रुख बिरुवा लगाएको,

(ञ) आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको,

(ट) सँधियारको जग्गातर्फ झ्याल राखी घर बनाउनु पर्दा कानून बमोजिम छोड्नु पर्ने परिमाणको जग्गा नछोडी बनाएको,

(ठ) कसैको हक वा स्वामीत्वमा भएपनि परापूर्वकाल देखि सार्वजनिक रुपमा प्रयोग हुँदै आएकोबाटो, वस्तु भाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी, पौवा, अन्त्यष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुऱ्याएको,

(ड) सङ्घीय वा प्रदेश कानूनले स्थानीय तहबाट निरुपण हुने भनी तोकेका अन्य विवाद ।

२) स्थानीय सरकार संचालन ऐन २०७४ दफा ४७ (२) अनुसार देहाय बमोजिमका विवादमा न्यायिक समितिले मेलमिलापको माध्यमबाट मात्र निरुपण गराउन पाउँछ, यी विवादका विषयमा निर्णय दिन पाउँदैन ।

(क) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकाको हकको जग्गा अर्कोले चापी, मिचीवा घुसाई खाएको,

(ख) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गमा घर वा कुनै संरचना बनाएको,

(ग) पति-पत्नीबीचको सम्बन्ध विच्छेद

(घ) अङ्गभङ्ग बाहेकको बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिट,

(ङ) गाली बेईज्जती,

(च) लुटपिट,

(छ) पशुपंक्षी छाडा छाडेको वा पशुपंक्षी राख्दा वा पाल्दा लापरबाही गरी अरुलाई असर पारेको,

(ज) अरुको आवासमा अनधिकृत प्रवेश गरेको,

(झ) अर्काको हक भोगमा रहेको जग्गा आबाद वा भोग चलन गरेको,

(ञ) ध्वनी प्रदुषण गरी वा फोहोरमैला फ्याँकी छिमेकीलाई असर पुऱ्याएको,

(ट) प्रचलित कानून मेलमिलाप हुन सक्ने व्यक्ति बादी भई दायर हुने अन्य देवानी र एक वर्ष सम्म कैद हुन सक्ने फौजदारी विवाद ।

३) स्थानीय सरकार संचालन ऐनको दफा ४७ (२) बमोजिम विवादको सम्बन्धमा पक्षले चाहेमा सिधै अदालतमा मुद्दा दायर गर्न सक्छन ।

४) प्रचलित कानूनमा मुद्दा हेर्ने निकाय समक्ष निवेदन दिने कुनै हदम्याद तोकिएकोमा सोही म्याद भित्र रकुनै हदम्याद नतोकिएकोमा त्यस्तो कार्य भए गरेको मितिले पैंतीस दिनभित्र न्यायिक समिति समक्ष निवेदन दिनुपर्नेछ ।

## २.६.२ अधिकार क्षेत्रको प्रयोग

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा (४८) अनुसार न्यायिक समितिको अधिकार क्षेत्र प्रयोग गर्न देहाय बमोजिम गर्नु पर्ने व्यवस्था रहेकोछ

**(१) समितिको निर्णय प्रकृया :**

- न्यायिक समितिको अधिकार क्षेत्रको प्रयोग न्यायिक समिति संयोजक र सदस्यको सामुहिकरुपले गर्नेछन् र बहुमतको राय न्यायिक समितिको निर्णय मानिनेछ ।
- न्यायिक समितिको संयोजक र अर्को एक जना सदस्यको उपस्थिति भएमा विवादको कारबाही र किनारा गर्न सकिनेछ ।
- न्यायिक समितिको संयोजक बाहेक अरु दुई जना सदस्यको उपस्थिति भएमा विवादको किनारा गर्न बाहेक अरु कारबाही गर्न सकिनेछ ।
- कुनै कारणले संयोजकको पद रिक्त भएमा न्यायिक समितिमा रहेका अन्य दुई जना सदस्यको सर्वसम्मतिमा विवादको कारबाही र किनार गर्न सकिनेछ ।

**(२) स्वार्थ गांसिएका मुद्दा नहेर्ने :**

- कुनै विवादको सम्बन्धमा न्यायिक समितिको संयोजक वा कुनै सदस्यको निजी सरोकार वा स्वार्थ गाँसिएको वा त्यस्तो संयोजक वा सदस्यको नाता भित्रका व्यक्ति विवादको पक्ष भएमा निजबाट सो विवादको कारबाही र किनारा हुन सक्नेछैन ।
- कुनै संयोजक वा सदस्यले हेर्न नमिल्ने विवादको हकमा त्यस्तो संयोजक वा सदस्य बाहेकका अन्य सदस्यले विवादको कारबाही र किनारा गर्न सक्नेछन् । संयोजक र सबै सदस्यले त्यस्तो विवादको कारबाही र किनार गर्न नमिल्ने भएमा सम्बन्धित सभाले तीन जना सदस्यलाई सो विवादको मात्र कारबाही र किनारा गर्ने गरी तोक्नु पर्नेछ ।
- विवादको कारबाही र किनारा गर्दा तीन जना सदस्य मध्येको ज्येष्ठ सदस्यले न्यायिक समितिको संयोजक भई काम गर्नेछ ।

**(३) अन्य न्यायिक निकायका मुद्दा नहेर्ने :**

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ मा उल्लेखित विवाद वा उजुरीका विषयमा अन्य न्यायिक निकायमा उजुरी परेको जानकारी प्राप्त हुन आएमा सो निकायबाट विवादको टुंगो नलागे सम्म न्यायिक समिति यस विषयमा प्रवेश नगर्न सक्नेछ ।

अर्धवार्षिक प्रतिवेदन २०७८/७९

**(४) सम्पत्ति रोक्का र फुकुवा गर्न सक्ने :**

- न्यायिक समितिले आफु समक्ष परेको विवादमा बादीले प्रतिबादीको नाममा कुनै बैङ्क,कम्पनी, वित्तीय संस्था वा अन्य कुनै निकायमा रहेको खाता, निक्षेप वा प्रतिबादीले पाउनेकुनै रकम यथास्थितिमा राखी कसैलाई भुक्तानी नगर्न नगराउन वा प्रतिबादीको हकभोगको कुनै अचल सम्पत्ति कसैलाई कुनै पनि व्यहोराले हक हस्तान्तरण गर्नबाटरोक्काको लागि निवेदन दिएकोमा न्यायिक समितिले प्रारम्भिक जाँचबुझबाट सो बमोजिमगर्न उपयुक्त देखेमा अवधि तोकी रोक्काको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ र त्यसरी लेखी पठाएकोमा सो बमोजिम रोक्का गरी त्यसको जानकारी न्यायिक समितिलाई दिनु पर्नेछ ।
- सम्पत्ति रोक्का भएकोमा प्रतिबादीले त्यस्तो रोक्का फुकुवा गर्नको लागि न्यायिक समिति समक्ष निवेदन दिएमा सो समितिले त्यस्तो निवेदन बमोजिम रोक्का फुकुवा गर्न मनासिब देखेमा र रोक्का फुकुवाको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ र त्यसरी लेखी पठाएकोमा सो बमोजिम रोक्का फुकुवा गरी त्यसको जानकारी न्यायिक समितिलाई दिनु पर्नेछ ।

**(५) अन्तरिम संरक्षणामक आदेश दिन सक्ने :**

- न्यायिक समितिले अधिकार क्षेत्र प्रयोग गर्दा पति पत्नी बीचको वा ज्येष्ठ नागरिकको संरक्षण सम्बन्धी विवादमा पीडित, निजको नाबालक सन्तान वा निज सँग आश्रित अन्य कुनै व्यक्तिको हितको लागि सम्बन्धित पक्षलाई देहायको अन्तरिम संरक्षणात्मक आदेशसमेत दिन सक्नेछः-
  - (क) पीडितलाई निज बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्यव्यवहार गर्न,
  - (ख) पीडितलाई शारीरिक वा मानसिक चोट पुगेको भएमा उपचार गराउन,
  - (ग) पीडितलाई अलग रुपमा बसोबासको प्रबन्ध गर्नु पर्ने देखिएमा सोको व्यवस्थागर्न र त्यसरी अलग बस्दा निजको भरणपोषणको लगि उचित व्यवस्था गर्न,
  - (घ) पीडितलाई गालीगौज गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने कार्य नगर्न, नगराउन,
  - (ङ) पीडितको हित र सुरक्षाको लागि अन्य आवश्यक र उपयुक्त कुरा वा गराउन ।
- कुनै विवाद सम्बन्धमा न्यायिक समितिमा कुनै निवेदन परेकोमा प्रचलित कानूनमा मुद्दा गर्ने निकाय समक्ष प्रतिबादी उपस्थित हुनु पर्ने म्याद किटिएको भए सोही म्याद भित्र र म्याद किटिएको नभएमा बाटाका म्यादबाहेक पन्ध्र दिनभित्र प्रतिबादी आफै वा आफ्नो वारेस मार्फत लिखित व्यहोरा सहित न्यायिक समिति समक्ष उपस्थित हुनु पर्नेछ ।
- विवादमा न्यायिक समितिले मेलमिलाप गराउने प्रयोजनको लागि प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन गर्नेछ ।

- कुनै पनि वडामा एकभन्दा बढी मेलमिलाप केन्द्र भएमा न्यायिक समितिले विवादको पक्षहरूले रोजेको वा सो विषयमा पक्षहरूबीच सहमति नभएमा सो वडाको कुनै मेलमिलाप केन्द्रमा मेलमिलाप द्वारा विवाद समाधानको लागि पठाउन सक्नेछ।
- न्यायिक समितिले विवादको निवेदनमा कारबाही र किनारा गर्न निवेदनको दर्ता, त्यस्तो विवादको आवश्यक जाँचबुझ तथा कारबाही, म्याद तामेली,पक्षहरू उपस्थित गराउने तथा मिलापत्र गराउने प्रकृया, विवादको किनारागर्नु पर्ने अवधि, लागत कट्टा गर्ने लगायतका विवादको निरुपण सम्बन्धी अन्य कार्यविधि स्थानीय कानून बमोजिम हुनेछ।

## २.६.३ न्याय सम्पादन प्रक्रिया

स्थानीय सरकार संचालन ऐनको दफा ४९ बमोजिम न्यायिक समितिले आफू समक्ष पेश भएको विवादको निवेदन दर्ता गरी न्यायिक कार्यविधि सम्बन्धी ऐनको अनुसूची-२ बमोजिम दर्ता निस्सा सम्बन्धित पक्षलाई उपलब्ध गराउनु पर्नेछ। न्यायिक समितिमा कुनै विवाद सम्बन्धमा निवेदन वा उजुरी प्रँप्त भए पश्चात न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५ अनुसार देहाय प्रक्रिया पूरा गरी न्याय सम्पादन गर्नुपर्छ।

**(१) समितिले मेलमिलाप गराउने :**

क) न्यायिक समितिले आफू समक्ष पेश भएको विवादको निवेदनको कारबाही र किनारा गर्दा सम्भव भएसम्म मेलमिलाप गर्न प्रोत्साहित गरी दुवै पक्षको सहमतिमा मिलापत्र गराउनु पर्नेछ।

ख) पक्षहरूबीच मिलापत्र हुन नसकेमा ऐनको दफा ४७ (१) मा उल्लेखित विवादमान्यायिक समितिले कानून बमोजिम विवादको कारबाही र किनारा गर्नु पर्नेछ।

ग) मिलापत्र गराउँदा न्यायिक समितिले आफूले सुचीकृत गरेको मेलमिलापकर्ताबाट गराउनु पर्नेछ।

घ) न्यायिक समितिले ऐनको दफा ४७ (२) मा उल्लेखित विवादमा प्रतिबादी उपस्थितभएको मितिले तीन महिनाभित्र मेलमिलापको माध्यमबाट टुङ्ग्याउनु व्यवस्था रहेकोछ। सो अवधि भित्र मेलमिलाप हुन नसकेमा सोही व्यहोरा उल्लेख गरी पक्षलाई अदालत जान सुनाई विवाद र सो सँग सम्बन्धित मिसिल कागज र प्रमाण समेत सम्बन्धित अदालतमा पठाईदिनु पर्नेछ।

ङ) पक्ष हाजिर हुन आएमा सम्बन्धित अदालतले प्रचलित कानून बमोजिम सो मुद्दाको कारबाहीको किनारा गर्नु पर्नेछ

(२) लिखित जानकारी दिनु पर्ने:(स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५०)

न्यायिक समितिबाट विवादको अन्तिम निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित पक्षलाईसो निर्णयको प्रमाणित प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ।

(३) पुनरावेदन गर्न सक्ने: (स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५१)

न्यायिक समितिबाट भएको निर्णयमा चित्त नबुझ्ने पक्षले निर्णयको जानकारी पाएको मितिलेपैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।



अर्ध वार्षिक प्रतिवेदन २०७६/७७

(४) **मिलापत्र वा निर्णय कार्यान्वयन गर्ने: (स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५२)**

- न्यायिक समितिबाट भएको मिलापत्र वा निर्णयको कार्यपालिकाले तत्काल कार्यान्वयन गर्नु, गराउनु पर्नेछ ।
- न्यायिक समितिबाट भएको मिलापत्र र निर्णय कार्यान्वयन सम्बन्धी अन्य व्यवस्थास्थानीय कानून बमोजिम हुनेछ

(५) **अभिलेख राख्नु पर्ने: (स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५३)**

- गाउँपालिका तथा नगरपालिकाले न्यायिक समितिबाट मिलापत्र वा निर्णय भएका विवादसँग सम्बन्धित लिखत, मिलापत्र वा निर्णयको अभिलेख व्यवस्थित र सुरक्षित रुपमा राख्नु पर्नेछ ।

(६) **सभामा प्रतिवेदन पेश गर्ने: (स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५३)**

- न्यायिक समितिले आफूले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नु पर्नेछ ।

# परिच्छेद — ३ अर्धबार्षिक प्रगति विवरण

## ३.१ महाकाली नगरपालिकाको न्यायिक समिति

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५ बमोजिम नगर सभाबाट देहाय बमोजिम न्यायिक समिति गठन गरी कार्यान्वयनमा ल्याईएकोछ ।

**तपसिल**

| | |
|---|---|
| श्री सुना बोहरा नगर उप–प्रमुख | संयोजक |
| श्री पदम सिंह महर वडा अध्यक्ष वडा नं. ३ | सदस्य |
| श्री प्रदेशी सुनार कार्यपालिका सदस्य | सदस्य |
| कानूनी ईकाई प्रमुख कर्मचारी | सदस्य सचिव |

## ३.२ सम्पादित क्रियाकलापहरू

आर्थिक बर्ष २०७६/७७ को पौष मसान्त सम्ममा न्यायिक समिति, समितिको सचिवालय, कानूनी मामिला उपशाखाबाट सम्पादन गरिएका क्रियाकलापहरु देहाय बमोजिम रहेकाछन् ।

**क) दैनिक प्रशासनीक तथा नियमित कार्यहरु**

अर्धवार्षिक प्रतिवेदन २०७६/७७

- महाकाली नागरपालिका नगरकार्यपालिकाको कार्यालय, कानूनी ईकाईबाट सम्पादन गरिनु पर्ने दैनिक नियमिति क्रियाकलापहरु सम्पादन गर्न श्री युवराज जोशी अधिकृतस्तर छैठौंलाई उजुरी प्रशासकको जिम्मेवारी तोकिएकोछ ।
- न्यायिक समिति मार्फत न्याय सम्पादन लगायत कानूनी सहायताको लागि कानून व्यवसायि श्री हरिश चन्द्र जोशीलाई महाकाली नगरपालिकाको कानूनी सल्लाहकारको रुपमा जिम्मेवारी तोकिएकोछ ।
- आर्थिक बर्ष २०७६/७७ मा कानुनी ईकाइबाट ३१ वटा पत्रहरु आन्तरिक चलानी र ४१ वटा पत्रहरु आन्तरिक दर्ता भई दैनिक कानूनी कार्य सम्पादन गरिएकोछ ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कन्चनपुरबाट नगरपालिकाको वडा ९ मा दत्तु थाप्ला मालिकार्जुन सडकमा अनियमितता भएको सम्बन्धमा छानविन गरी प्रतिवेदन पेश गर्ने उजुरी  संग सम्बन्धित प्रमाण जुटाई फछ्यौट गराउने प्रक्रियामा रहेकोछ ।
- आ.ब. २०७५/७६ अवधिमा दर्ता भई फछ्र्योट हुन बाँकी यस आ.ब.मा सरिआएका ३ वटा उजुरी र आ.ब. २०७६/७७ मा न्यायिक समिति समक्ष पेश भएका उजुरी संख्या ८ गरी जम्मा उजुरी संख्या ११ का सम्बन्धमा नियमानुसार कार्वाही गर्ने प्रक्रिया व्यवस्थित गरिएको छ ।
- नगरपालिकाका विभिन्न समितिहरुको बैठकमा कानूनी परामर्श सहित विभिन्न मितिमा संचालन भएका बैठकहरुमा सहभागि भई सहजीकरण गरिएकोछ
- कार्यपालिका बैठक संचालन संचालन गर्न आवश्यक व्यवस्थापकीय प्रबन्ध मिलाउन नियमिति सहयोग गरिएको छ,
- गरीब घरपरिवार पहिचान तथा परिचय वितरण कार्यक्रम कार्यान्वयन प्रक्रिया अन्तरगत व्यवस्थापकीय सहयोग गरिएकोछ,
- कानूनी ईकाईलाई तोकिएका अन्य कार्यहरु सम्पादनमा सहयोग गरिएकोछ ।

**ख) न्यायिक समितिको बैठक व्यवस्थापन**

२०७६ श्रावण देखि पौष मसान्त सम्म विभिन्न मिति र समयमा ३ वटा बैठक संचालन भई तपसिल बमोजिम कार्य सम्पादन गरिएकोछ ।

- गत आ.ब २०७५।७६ बाट अल्या गरिएका उजुर र यस आ.ब.२०७६।७७ को पौष मसान्त सम्म यस महाकाली नगरपालिकाको न्यायिक समिति समक्ष पेश भएका उजुरीहरुको विवरण देहाय बमोजिम रहेकोछ ।

| गत आ.ब.को अल्या सहित कुल पेश भएका उजुरी संख्या | दरपीठ गरिएको संख्या | उजुरी फिर्ता/संख्या | मेलमिलाप हुन नसकी सम्बन्धित निकायमा पठाइएको संख्या | उजुरी फछ्यौट भई लगत कट्टा गरिएको संख्या | छलफलको क्रममा रहेको संख्या | कार्वाही नभएको संख्या |
|---|---|---|---|---|---|---|
| ११ | ० | ० | ० | ४ | ७ | |

अर्ध वार्षिक प्रतिवेदन २०७६/७७

- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा (४९) को उपदफा (१०) बमोजिम न्यायिक समितिको कार्य सम्पादन व्यवस्थित गर्न वडाहरुमा मेलमिलाप केन्द्र स्थापना तथा व्यवस्थापन गर्नु पर्ने व्यवस्था भए बमोजिम स्थानीय मेलमिलाप केन्द्र स्थापना तथा व्यवस्थापनको प्रक्रिया संचालन गरिएकोछ ।
- महाकाली नगरपालिका वडा नं. ९ स्थायी ठेगाना भएका श्री जीत सिंह धामीले ऐ.ऐ. ठेगाना भएका श्री उदी भाटलाई विपक्षी बनाई पेश गरेको जग्गा खिचोला सम्बन्धी उजुरी छलफलको क्रममा रहेकोछ ।
- नौगाड गा.पा. वडा नं. २ स्थायी ठेगाना भएका श्री जयदेव सिंह ठगुन्नाले महाकाली नगरपालिका वडा नं. ५ स्थायी ठेगाना भएका श्री भोज सिंह ऐरीलाई विपक्षी बनाई पेश गरेको ज्याला मजदुरी सम्बन्धी उजुरी मिलापत्र भई फछ्र्यौटको क्रममा रहेकोछ ।
- दुहु गाउँपालिका वडा नं. १ बस्ने श्री जीत बहादुर बलमे महाकाली नगरपालिका वडा नं. ३ बस्ने श्री कृष्ण भट्टलाई प्रतिवादी बनाई दिनु भएको उजुरी उपर छलफल गरी घरखाली गराउने प्रक्रिया चलाई घर खाली गराउन वडा नं. ५ को कार्यालयलाई जिम्मेवारी दिईएको ।
- महाकाली नपा वडा नं. ८ स्थायी ठेगाना भएका श्री फकिर सिंह धामीले ऐ.ऐ. ठेगाना भएका श्री बिक्रम सिंह धामीलाई विपक्षी बनाई पेश गरेको कुलो बाटो चलन भोग सम्बन्धी उजुरी विभिन्न मितिमा छलफल गरी २०७६ बैशाख १७ गतेमा मिलापत्र गराई लगत कट्टा गरिएकोछ ।
- व्यास गाउँपालिका वडा नं. १ स्थायी ठेगाना भई हाल महाकाली वडा नं. ४ तिंकर खेडा बस्ने श्री जयन्ती ऐतवालले व्यास गाउँपालिका वडा नं. ६ स्थायी ठेगाना भई हाल महाकाली वडा नं. ४ तिंकर खेडामा अस्थायी बसोबास गर्ने श्री बिरा लोहारले सार्वजनिक जग्गा मिचेको उजुरी सम्बन्धमा छलफल गरी मिचेको जग्गा खाली गराउन जिल्ला प्रहरी कार्यालयलाई अनुरोध गरी लगत कट्टा गरिएको छ ।
- व्यास गाउँपालिका वडा नं. १ स्थायी ठेगाना भई हाल महाकाली वडा नं. ५ बस्ने श्री गंगा बोहराले व्यास गाउँपालिका वडा नं. ६ स्थायी ठेगाना भई हाल महाकाली वडा नं. ४ बांगाबगरमा बस्ने श्री परमा भूलले घरको झापले सिमा मिचेको उजुरी सम्बन्धमा छलफल गरी मिलापत्र गराई लगत कट्टा गरिएको छ ।
- महाकाली नगरपालिका वडा नं. ७ बस्ने बिमला जोशीको आफ्नै श्रीमान् केशब जोशीसंग सम्मानित अदालतमा चलिरहेको अंश सहितको सम्बन्ध विच्छेद मुद्धाको अन्तिम किनारा नहुन्जेल सम्म घरसारमा न्यायोचित अंश बाँडफाँड गराइ दिन सम्मानित दार्चुला जिल्ला अदालतबाट महाकाली नगरपालिकाको न्ययिक समितिलाई मौखिक आदेश भए बमोजिम तत्कालको लागि घरसारमा न्यायोचित अंश बाँडफाँड गराउने सम्बन्धमा ७ नं. वडा कार्यालयलाई जिम्मेवारी दिई लगत कट्टा गरिएको छ ।

- महाकाली नगरपालिका वडा नं. ९ बस्ने केशब सिंह सामन्तले आफ्नै श्रीमति कविता बोहरा आफलाई छोडि आफ्नो माईति घरमा डिलासैनी गाउँपालिका वडा न. २ मा बसोबास गर्दै आएकोले मेलमिलाप गराई दिन पेश गरेको उजुरी सम्बन्धमा मेलमिलाप प्रत्रिक्रयाकोलागि सम्बन्धित गाउँपालिकालाई पत्राचार गरिएकोछ
- दुहूँ गाउँपालिका वडा नं. ५ बस्ने श्री मन्जु कुवरले महाकाली नगरपालिका वडा नं. ४ स्थायी ठेगाना भएका श्री गणेश सिंह धामी गिता धामी संगको घर बाटो बन्द तथा लेनदेन सम्बन्धी उजुरी छलफलको प्रक्रियामा रहेको छ ।
- अपि हिमाल गाउँपालिका वडा नं. ४ स्थायी ठेगान भई हाल महाकाली नगरपालिका वडा नं. ५ बस्ने रमिता महता ठेकरेले मनपा ५ बस्ने श्री जयदेव ऐरीलाई प्रतिवादी बनाई लेनदेन सम्बन्धी पेश गरेको उजुरी छलफलको प्रक्रियामा रहेकोछ ।

**ग) स्थानीय ऐन, नियम कार्यविधि, निर्देशिका सम्बन्धी व्यवस्था**

नगरपालिककाको कार्यविभाजन नियमावली २०७४ को नियम ४ उप नियम ६ बमोजिम गठन गरिरएको विद्येयक समितिको कार्य समेत सहजीकरण गरिने भएकोले सो शाखाबाट सम्पादन गरिएका नियमिति कार्यहरुका अति रिक्त तपसिल बमोजिम विधेयकहरु अन्तिम मस्यौदा तयार गरी कानूनको रुपमा प्रमाणिकरण गराई कार्यान्वयनमा ल्याईएकोछ ।

- जेष्ठ नागरिक परिचय पत्र वितरण सम्बन्धी कार्यविधि २०७६
- मेसिनरी औजार संचालन सम्बन्धी कार्यविधि २०७६

# ३.३ नगरपालिकाका कानूनहरुको विवरण

महाकाली नगरपालिका कार्य सम्पादन चुस्त दुरुस्त बनाउन हाल सम्म तपसिल बमोजिम कानूनहरु स्वीकृत भई कार्यान्वयनमा रहेका छन् ।

| दर्ता नं. | दर्ता मिति | बिधेयकको नाम | पारित मिति | प्रमाणिकरण मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०७४/०४/०१ | कार्यपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधि २०७४ | २०७४/०४/०५ | २०७४/०४/०५ | |
| २ | २०७४/०४/०१ | नगर सभा संचालन सम्बन्धी कार्यविधि २०७४ | २०७४/०४/०५ | २०७४/०४/०५ | |
| ३ | २०७४/०४/०१ | निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४ | २०७४/०४/०५ | २०७४/०४/०५ | पहिलो संशोधन २०७६।१।१५ |
| ४ | २०७४/०४/०१ | नगरपालिका (कार्यविभाजन) नियमावली २०७४ | २०७४/०४/०५ | २०७४/०४/०५ | |
| ५ | २०७४/०४/०१ | नगरपालिका (कार्यसम्पादन) नियमावली २०७४ | २०७४/०४/०५ | २०७४/०४/०५ | |

अर्ध वार्षिक प्रतिवेदन २०७८/७९

| दर्ता नं. | दर्ता मिति | बिधेयकको नाम | पारित मिति | प्रमाणिकरण मिति | कैफियत |
|---|---|---|---|---|---|
| ६ | २०७४/०४/०१ | एफ.एम. रेडियो (व्यवस्थापन तथा संचालन) कार्यविधि २०७४ | २०७४/०५/३० | २०७४/०५/३० | |
| ७ | २०७४/०४/०१ | नगरपालिकाका पदाधिकारीहरुको आचार संहिता २०७४ | २०७४/०५/३० | २०७४/०५/३० | |
| ८ | २०७५/०१/०२ | प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन २०७५ | २०७५/०१/११ | २०७५/०१/१९ | |
| ९ | २०७५/०१/०२ | राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७५ | २०७५/०१/११ | २०७५/०१/१९ | |
| १० | २०७५/०१/०२ | न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन २०७५ | २०७५/०१/११ | २०७५/०१/१९ | |
| ११ | २०७५/०१/०३ | बाढी पीडित परिचय पत्र वितरण निर्देशिका २०७४ | २०७५/०१/११ | २०७५/०१/१९ | |
| १२ | २०७५/०१/०४ | बिपद् व्यवस्थापन बिशेष कोष संचालन निर्देशिका २०७५ | २०७५/०१/११ | २०७५/०१/१९ | पहिलो संशोधन २०७६।२।२० |
| १३ | २०७५/०१/०४ | मर्मत सम्भार कोष संचालन निर्देशिका २०७५ | २०७५/०१/१२ | २०७५/०१/१९ | |
| १४ | २०७५/०१/०४ | योजना संचालन सम्बन्धी कार्यविधि २०७४ | २०७५/०१/१२ | २०७५/०१/१९ | |
| १५ | २०७५/०१/०४ | उपभोक्ता समिति गठन, पचािलन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७४ | २०७५/०१/१२ | २०७५/०१/१९ | |
| १६ | २०७५/०१/०४ | भवन तथा बस्ती विकास शहरी योजना निर्माण सम्बन्धी मापदण्ड २०७५ | २०७५/०१/१२ | २०७५/०१/१९ | |
| १७ | २०७५/०१/०४ | शिक्षा नियमावली २०७५ | २०७५/०१/१२ | २०७५/०१/१९ | |
| १८ | २०७५/०३/२० | नगरपालिकाको सहकारी ऐन २०७५ | २०७५/०३/२४ | २०७५/०३/२४ | |
| १९ | २०७५/०३/३० | “एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७५ | २०७५/०३/३० | २०७५/०४/०२ | |
| २० | २०७५/०८/१० | अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि २०७५ | २०७५/०८/११ | २०७५/०८/१२ | |
| २१ | २०७५/०८/१० | घर नक्शा पास कार्यविधि २०७५ | २०७५/०८/११ | २०७५/०८/१२ | |
| २२ | २०७५/०८/१० | उपभोक्ता समिति गठन, पचािलन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७४ पहिलो संशोधन | २०७५/०८/११ | २०७५/०८/१२ | |
| २३ | २०७५/०८/१० | योजना संचालन सम्बन्धी कार्यविधि २०७४ पहिलो संशोधन | २०७५/०८/११ | २०७५/०८/१२ | |
| २४ | २०७५/०९/०४ | जलस्रोत उपयोग सम्बन्धी कार्यविधि २०७५ | २०७५/०९/०६ | २०७५/०९/०८ | |

अर्ध वार्षिक प्रतिवेदन २०७६/७७

| दर्ता नं. | दर्ता मिति | बिधेयकको नाम | पारित मिति | प्रमाणिकरण मिति | कैफियत |
|---|---|---|---|---|---|
| २५ | २०७५/०९/०४ | सरसफाई तथा फोहर मैला व्यवस्थापन कार्यविधि २०७५ | २०७५/०९/०६ | २०७५/०९/०८ | |
| २६ | २०७५/०९/०४ | उर्जा विकास सम्बन्धी कार्यविधि २०७५ | २०७५/०९/०६ | २०७५/०९/०८ | |
| २७ | २०७५/१०/२३ | व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि २०७५ | २०७५/१०/२४ | २०७५/११/०१ | |
| २८ | २०७५/१०/२३ | साना सिंचाई बिशेष कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ | २०७५/१०/२४ | २०७५/११/०१ | |
| २९ | २०७५/१०/२३ | नगर शिक्षा विकास कोष संचालन कार्यविधि २०७५ | २०७५/१०/२६ | २०७५/११/०१ | |
| ३० | २०७५/१०/२३ | आधारभूत तहको अन्तिम परीक्षा संचालन कार्यविधि २०७५ | २०७५/१०/२६ | २०७५/११/०१ | |
| ३१ | २०७५/१२/६ | बाल शिक्षा विकास केन्द्र संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ | २०७५/१२/९ | २०७५/१२/१० | |
| ३२ | २०७५/१२/६ | नगर बस संचालन तथा व्यवस्थापन कार्यविधि २०७५ | २०७५/१२/६ | २०७५/१२/६ | |
| ३३ | २०७६/१/८ | निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४ | २०७६/१/१० | २०७६/१/१५ | |
| ३४ | २०७६/१/८ | "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि २०७६ | २०७६/१/१० | २०७६/१/१५ | |
| ३५ | २०७६/१/१२ | स्रोत व्यक्ति व्यवस्थापन सम्बन्धी कार्यविधि २०७६ | २०७६/१/१४ | २०७६/१/२५ | |
| ३६ | २०७६/२/८ | विपद् व्यवस्थापन बिशेष कोष संचालन निर्देशिका २०७५ पहिलो संशोधन २०७६ | २०७६/२/१० | २०७६/२/२० | |
| ३७ | २०७६/३/९ | आर्थिक ऐन २०७६ | २०७६/३/२१ | २०७६/३/२८ | |
| ३८ | २०७६/३/९ | विनियोजन ऐन २०७६ | २०७६/३/२५ | २०७६/३/२८ | |
| ३९ | २०७६/४/१५ | जेष्ठ नागरिक परिचय पत्र वितरण सम्बन्धी कार्यविधि २०७६ | २०७६/४/१६ | २०७६/४/१९ | |
| ४० | २०७६/५/२० | मेसिनरी औजार संचालन सम्बन्धी कार्यविधि २०७६ | २०७६/५/२३ | २०७६/५/३० | |

अर्धवार्षिक प्रतिवेदन २०७६/७७

## ३.४ मुख्य उपलब्धी

- दैनिक प्रशासनीक तथा नियमित कार्यहरु सफलता पूर्व सम्पादन गरिनु,
- न्यायिक समितिका ३ वटा बैठक संचालन भई न्यायिक समिति समक्ष पेश भएका विभिन्न ११ वटा उजुरी सम्बन्धी छलफल गरी आवश्यक कार्वाही गरिएको ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कन्चनपुरबाट नगरपालिकाको वडा ९ मा दत्तु थाप्ला मालिकार्जुन सडकमा अनियमितता भएको सम्बन्धमा छानविन गरी प्रतिवेदन पेश गर्ने उजुरी संग सम्बन्धित प्रमाण जुटाई फछ्यौट गराउने प्रक्रियामा रहेकोछ ।
- आ.ब. २०७५/७६ अवधिमा दर्ता भई फछ्र्योटको लागि सरि आएका ३ वटा उजुरी र आ.ब. २०७६/७७ मा न्यायिक समिति समक्ष पेश भएका उजुरी कुल संख्या ८ वटा गरी जम्मा उजुरी संख्या ११ वटा उजुरीका सम्बन्धमा नियमानुसार कार्वाही गर्ने प्रक्रिया व्यवस्थित गरिएको छ ।
- नगरपालिकाका विभिन्न समितिहरुको बैठकमा कानूनी परामर्श सहित विभिन्न मितिमा संचालन भएका बैठकहरुमा सहभागि भई सहजीकरण गरिएकोछ
- कार्यपालिका बैठक संचालन संचालन गर्न आवश्यक व्यवस्थापकीय प्रबन्ध मिलाउन नियमिति सहयोग गरिएको छ,
- गरीब घरपरिवार पहिचान तथा परिचय वितरण कार्यक्रम कार्यान्वयन प्रक्रिया अन्तरगत व्यवस्थापकीय सहयोग गरिएकोछ,
- न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५ बमोजिम न्यायिक समितिको सचिवालय व्यवस्थापन गर्न कानूनी ईकाई व्यवस्थापन गरिएकोछ सो शाखाबाट सम्पादन गरिएका कार्यहरु अन्तरगत तपसिल बमोजिमा विभिन्न २ वटा विधेयक तथा कार्यविधिहरुको मस्यौदा तयार गरी विधेयक समिति मार्फत प्रक्रिया अनुसार कानूनको रुपमा प्रमाणिकरण गराई कार्यान्वयनमा गरिएकोछ ।
    - जेष्ठ नागरिक परिचय पत्र वितरण सम्बन्धी कार्यविधि २०७६
    - मेसिनरी औजार संचालन सम्बन्धी कार्यविधि २०७६

## ३.५ स्थानीय तहमा न्यायिक समिति : अवसर

सरकार सञ्चालनमा महत्वपूर्ण अङ्गहरूमध्ये न्यायपालिका एक महत्वपूर्ण अङ्ग हो । व्यवस्थापिकाले तयार गरेको कानुन कार्यपालिकाले कार्यान्वयन गर्छ । यस क्रममा कानुनमा देखिएका अस्पष्टतालाई व्याख्या गर्ने र विवाद निरूपण गर्ने काम न्यायपालिकाले गर्छ । विश्वका केही देशहरूले अभ्यास गर्दै आएको स्थानीय तहको अदालती अभ्यास नेपालमा सुरुको अवस्थामा छ ।

अर्ध वार्षिक प्रतिवेदन २०७६/७७

लोकतान्त्रिक गणतन्त्रको स्थापना पछि स्थानीय तहदेखि नै सुदृढ एवम् सबल बनाउनको लागि स्थानीय नेतृत्व, स्थानीय कानुन र स्थानीय सरकारको व्यवस्थापनका लागि स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहमा न्यायिक समितिको व्यवस्था गरेको छ ।

उल्लेखित विवादका विषय बाहेकका विषयहरू पनि न्यायिक समितिले मेलमिलापका माध्यमबाट टुङ्गो लगाउनु पर्छ । न्यायिक समितिमा निवेदन वा फिराद पेश भएपछि विपक्षीका नाउँमा म्याद पठाउने, प्रतिउत्तर बुझ्ने, प्रमाणको परीक्षण, साक्षी परीक्षण गर्ने, मेलमिलापका लागि दुवै पक्षलाई उत्प्रेरित गर्ने लगायत सबै प्रक्रिया टुङ्ग्याएर मात्र समितिले निर्णय गर्नु पर्छ । निर्णय गर्दा तीन वटै सदस्यको सहमतिमा नभए दुई जनाको निर्णयले फैसला गरिन्छ । फैसलामा समिति संयोजक अनिवार्य हुनु पर्छ । यस निर्णयमा चित्त नबुझ्ने पक्षलाई पुनरावेदनका लागि म्याद दिने व्यवस्था समेत गरिएको छ ।

## ३.६ स्थानीय तहमा न्यायिक समिति : चुनौती

स्थानीय स्तरमा अदालती अभ्यासको सुरुवात निकै नै सकारात्मक र प्रभावकारी कदम भए पनि न्याय सम्पादन गर्दा देहाय चुनौतिहरू हेकाछन्।

- न्याय सम्पादनका क्रममा कानुनी ज्ञानको अभाव हुनु तथा प्राविधिक ज्ञानको कमी रहनु,
- यथेष्ट प्रमाणको मूल्याङ्कन नगरी फैसला हुन सक्ने,
- चुनावबाट आएका जनप्रतिनिधि इजलासमा हुने भएकाले राजनीतिक पूर्वाग्रहीपन हुन सक्ने
- कुनै पनि मुद्दामा सिधै जिल्ला अदालतमा जान सकिने भएकाले राजनीतिक रूपले फरक विचारका व्यक्तिहरू सिधै जिल्ला अदालतमा मात्र जान सक्ने

## ३.७ सूझाव

न्यायिक समितिको प्रभावकारी संचालन तथा व्यवस्थापन सम्बन्धमा देहाय बमोजिम सुझावहरु पेश गरिएको छ ।

- संघीय तथा प्रदेश तहबाट बेलाबखतमा नगरपालिका तथा वडाहरूमा न्याय कानून सम्बन्धी प्रशिक्षण दिनु पर्ने,
- न्यायिक समिति सदस्यहरूलाई विभिन्न तालिम तथा अभिमुखीकरण गोष्ठीमा सहभागी गराई क्षमता अभिबृधि गराउनु पर्ने,
- न्यायिक समितिको सचिवालय र ईजलास यथाशिघ्र व्यवस्थापन गरिनु पर्ने,

- विकासका नाममा भइरहेका विनास, वातावरणीय रूपमा प्रभाव मूल्याङ्कन नगरी गरिएको विकास, सरकारी जग्गामा आफूखुसी प्रयोग आदि नियन्त्रण गर्नका लागि समेत स्थानीय अदालत वा न्यायिक समितिको आवश्यकता महसुस भएको हुँदा ईजलास यथाशिघ्र व्यवस्थापन गरिनु पर्ने,
- न्यायका मान्य सिद्धान्तको अधिनमा रही प्राकृतिक न्यायको सिद्धान्त बमोजिम हुने गरी प्रभावकारी न्याय सम्पादन गरी छिटो भन्दा छिटो, कम खर्चिलो र प्रभावकारी न्याय दिने अभ्यासको सुरुवात गर्न न्यायिक समितिको सचिवालय र ईजलास यथाशिघ्र व्यवस्थापन गरिनु पर्ने,
- मेलमिलाप केन्द्रहरू स्थापना गरी कार्य सम्पादनमा सहजीकरण गर्न व्यवस्था मिलाउनु पर्ने,
- मेलमिलापकर्ता सम्बन्धी तालीम संचालन गरी मेलमिलापकर्ता तयार गर्नु पर्ने ।

## ३.८ न्यायिक समिति र अपेक्षा

न्यायिक समितिबाट न्याय सम्पादन प्रक्रियालाई प्रभावकारी बनाउन संघीय सरकार तथा प्रदेश सरकारबाट देहाय बमोजिम अपेक्षा राखिएकोछ ।

- न्यायिक समितिका पदाधिकारीहरुकको क्षमता अभिबृद्धिको लागि समय समयमा कानून सम्बन्धी तालीमहरु संचालन गरिनु पर्ने,
- न्यायिक समितिको सचिवालय तथा कानूनी मामिला उपशाखामा कार्यरत कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्न न्याय तथा कानुन सम्बन्धी सेवा कालीन तालीम संचालन गराई दिनु पर्ने,
- ईजलास संचालन तथा व्यवस्थापन सम्बन्धी प्राविधिक क्षमता अभिबृद्धि गर्न आवश्यक व्यवस्था मिलाईनु पर्ने,
- न्यायिक समिति मार्फत भए गरेका काम कार्वाहीहरुका नियमित अनुगमन गरी पृष्ठपोषण गराईनु पर्ने,
- न्यायिक समितिलाई तालिम प्राप्त तथा सुदृढ बनाउनुका साथै न्यायिक समितिका अधिकार र कर्तव्यहरु स्पष्ट किटानी गरी अधिकार क्षेत्र थप गर्नु पर्ने,
- न्यायिक समितिका पदाधिकारी कर्मचारीहरुको क्षमता अभिबृद्धि गराउन अवलोकल भ्रमण आयोजना गरी भ्रमण गराईनु पर्ने ।

अर्धवार्षिक प्रतिवेदन २०७८/७९